# समाज कल्याण परिषद्
# आ.व. ०७६।०७७ को दोश्रो चौमासिक अवधिमा सम्पन्न
# प्रगति विवरण
## (२०७६ मङ्गसिर महिना देखि २०७६ फागुन मसान्त सम्म)

**समाज कल्याण परिषद्**
**केन्द्रिय कार्यालय**
**पुल्चोक, ललितपुर ।**

पोष्ट बक्स : २९४८, काठमाडौं, फ्याक्स : +९७७-०१-५५५५७७८, टेलिफोन नं. : ०१-५५५५४४८, ०१-५५५५४९४, ०१-५५५५४९५,
इमेल : info@swc.org.np, Website: www.swc.org.np

# आ.व. ०७६।०७७ को दोश्रो चौमासिक अवधिमा सम्पन्न गरिएका कार्यहरुको संक्षिप्त विवरण

नेपाल र नेपाली समाजको सर्वाङ्गीण विकासको लागी समाजका कमजोर, असहाय र असक्त व्यक्तिका लागी सेवा पुऱ्याउन र पिछडिएको वर्गलाई आर्थिक एवं सामाजिक रुपमा सक्षम बनाउन तथा समाज सेवासंग सम्वन्धित विभिन्न क्रियाकलापलाई विकास निर्माण कार्यसंग सम्बद्ध गराई कमजोर तथा असहाय ब्यक्ति, वर्ग र समुदायलाई मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउन, समाजसेवी तथा तत्सम्वन्धी संघसंस्थाहरुको मर्यादा र प्रतिष्ठा वढाउन र गैर सरकारी संघसंस्थाहरुको काम कारवाहीमा समन्वय गर्न समाज कल्याण ऐन २०४९ वमोजिम समाज कल्याण परिषद्को स्थापना भएको हो ।

समाज कल्याण परिषद्ले नेपालमा कार्य गर्ने सम्पूर्ण राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरुको आवद्धता, समन्वय, संझौता, तिनका कार्यक्रमहरुको सुपरिवेक्षण, अनुगमन मूल्यांकन, कार्यक्रम स्वीकृति तथा राष्ट्रिय प्रतिनिधि एवं कार्यक्रम विशेषज्ञहरुको प्रवेशाज्ञा सिफारिस लगायत विवध सेवा सुविधाहरु उपलव्ध गराउदै आएको छ । नेपाल सरकारवाट प्राप्त हुने अनुदान र परिषदको आन्तरीक श्रोतहरुलाई अधिकतम परिचालन गरी लक्षित उद्धेश्य परिपूर्ति गर्ने प्रयास भईरहेको छ । यस अवधिमा सम्पादित कार्यहरु देहाय वमोजिम उल्लेख गरिएको छ ।

**परिषदवाट यस अवधिमा सम्पादित कार्यहरु :**

**क) नियमित कार्यहरु :**

| क.सं | क्रियाकलाप | दोश्रो चौमासिक लक्ष्य | दोश्रो चौमासिक प्रगति | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | क) संघ संस्था आवद्धता | लक्ष किटान नभएको | ५१८ | | |
| | ख) प्रतिलिपि प्रमाण पत्र प्रदान | ,, | ४५ वटा संस्था | | |
| | ग) नाम संशोधन | ,, | ८ वटा संस्था | | |
| | घ) आवद्धता नविकरण | ,, | ९०० वटा संस्था | | |
| २ | क) गैससहरुको कार्यक्रम स्वीकृति (वैदेशिक सहयोग) | करिब ३०० वटा संस्थाद्धारा संचालन हुने करिब ३६० वटा परियोजना र कार्यक्रमको आन्तरिक र वैदेशिक सहयोग गरी जम्मा रकम रु ५ अर्ब ६६ करोड अनुमानित बजेट रकम स्वीकृत गर्ने लक्ष्य रहेको छ । | २२७ वटा संस्थाको ३३५ वटा कार्यक्रमको रु.४,९९,१२,०४,७२४।९७ (चार अर्व उनान्सय करोड बाह्र लाख चार हजार सात सय चौविस रुपैंया सन्तानब्बे पैसा मात्र) रकम बराबरको परियोजना स्वीकृत गरीएको छ । | ८८।१९ ५ (प्रगति कुल स्वीकृति रकममा हासिल भएको) | |
| | ख) खर्च रकम अनुमोदन | पुर्व स्वीकृती नलिई वैदेशिक सहयोग प्राप्त गरी संस्थाबाट खर्च भएको रकम अनुमोदन प्रकृयामा राखी संस्थालाई सचेत गराई नविकरणको सिफारिस गर्ने । | २४ वटा संस्थाको २४ वटा कार्यक्रमको रु. ५०,२६,८५,५४९।१६ ( पचास करोड छब्बिस लाख पचासी हजार पाँच सय उन्पचास रुपैंया सोह्र पैसा मात्र) रकमको परियोजना अनुमोदन प्रकृयामा राखिएको । | – | पूर्व स्वीकृती नलिई कार्यक्रम संचालन गर्ने कार्यलाई क्रमश: निरुत्साहित गर्दै लगिने छ । विगतको तुलनामा यो संख्या घट्दो क्रममा रहेको छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | ग) कोष तथा संघसंस्था अनुदान नियमित अनुदान | ३ वटा कोषलाई रु ४,००,०००।- दरले अनुदान रकम उपलब्ध गराउने । | लक्ष्य अनुरुप ३ वटै कोषलाई रकम उपलव्ध गराएको | १००% | |
| ३ | अगैससंग साधारण संझौता | १२ | १० वटा अगैससंग साधारण सम्झौता सम्पन्न (नविकरण नयाँ | ८४ % | (५ वटा संस्थाले बार्षिक प्रतिवद्धता गरिएको न्यूनतम रकम यू. एस. डलर १० लाख रहेको छ । |
| ४ | अगैससंग परियोजना सम्झौता | २० वटा अगैसस | २७ वटा अगैससंग परियोजना सम्झौता सम्पन्न भएको | १३५% | |
| | परियोजना संशोधन | १५ वटा | ५ वटा | ३३% | |
| ५ | कार्य सहमति, श्रम स्वीकृति एवं गैरपर्यटकिय प्रवेशाज्ञा, औपचारीक प्रवेशाज्ञा सिफारिस (देशिय प्रतिनिधि, विदेशी विशेषज्ञ, स्वयंसेवक), अन अराइभल प्रवेशाज्ञा<br><br>कार्य सहमति, श्रम स्वीकृति | आवश्यकता अनुसार<br><br>आवश्यकता अनुसार | जम्मा ४२ जना लाई सिफारिस गरिएको ।<br><br>जम्मा ९ जना लाई सिफारिस गरिएको । | | - २२ देशिय प्रतिनिधी र २० विशेषज्ञ गरि जम्मा ४२ जनालाई कार्य सहमति , श्रम स्वीकृति, गैरपर्यटकीय प्रवेशाज्ञा र नीजका ३३ जना परिवारका सदस्यलाई गैरपर्यटकीय प्रवेशाज्ञा<br><br>विभिन्न ८ वटा अगैसका ७ जना देशिय प्रतिनिधि र २ जनाविशेषज्ञ गरी जम्मा९जनालाई कार्य सहमतीएवम् श्रम स्वीकृति |
| ६ | भन्सार महसुल एवं मूल्य अभिवृद्धि कर छुट सिफारिस (NGO / INGO) | आवश्यकताअनुसार | ६ वटा संघसंस्थालाई | | भन्सार महशुल एवं मूल्य अभिवृद्धि कर छुटको लागि ६ वटा संस्थालाई सिफारिस गरिएको । |
| ७ | दातृसंस्थाबाट प्राप्त सामाग्रीको आयात इजाजत सिफारिस | आवश्यकताअनुसार | ८ वटा संघसंस्थालाई | | |
| ८ | विभिन्न शाखा विभागमा पत्रपत्रिका वितरण | ानियमित | नियमित भैरहेको | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | अनुगमन एवम् मूल्याङ्कन गैसस तर्फ (NGO) | १०० वटा परियोजना | ६९ वटा परियोजना | ६९% परियोजनाको आधारमा | |
| | अनुगमन मूल्यांकनको प्रकृयामा रहेका गैसस | | ११९ वटा संघसंस्था | | |
| | अगैसस तर्फ (मध्यावधि र अन्तिम) (INGO) | ३३ वटा परियोजना | ४२ वटा परियोजना | १२७ % | अन्तिम र मध्यावधि मूल्याङ्कन गरि |
| १० | छानविन / निरिक्षण | लक्ष्य किटान नभएको, उजुरी परेको आधारमा आवश्यकता अनुसार गर्ने | विभिन्न गै.स.स र अ.गै.स.सं उपर परेको उजुरी छानविन गर्न टोली गठन भएको | | |

**आर्थीक प्रशासन**

**आय तर्फः**

| क.स. | कार्यक्रम तथा बजेट विवरण | बार्षिक अनुमानित बजेट | मंसीरदेखि फागुनसम्म ( चौमासिक प्रगति) | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | नेपाल सरकारको अनुदान | ५,०००,०००।०० | ३,०००,०००।०० | |
| २ | परिषदको आन्तरीक आम्दानी | २०,७००,०००।०० | ४,७५५,६७५।०० | |
| ३ | भृकुटिमण्डप आम्दानी | १२८,२००,०००।०० | ४४,६९०,८२१।०४ | |
| ४ | इच्छुमति तरकारी बजार आम्दानी | | | |
| ४ | सस्थागत विकास सेवा शुल्क | २०,०००,०००।०० | २०,०००,०००।०० | |
| ५ | उपकारकोषबाट कार्यसंचालनमा | १०,०००,०००।०० | ( | |
| | जम्मा रु. | **१८३,९००,०००।००** | **७२,४४६,४९६।०४** | |
| ५ | साझा कोष (बैंक व्याज समेत) | ११,१००,०००।०० | १५,९३७,५००।०० | |
| ६ | उपकारकोष | ३,०००,०००।०० | ( | |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा | १९८,०००,०००।०० | ८८,३८३,९९६।०४ | |

व्यय तर्फ :

| क्र.सं. | कृयाकलाप | विनियोजित बजेट रु | मंसीरदेखि फागुनसम्म( चौमासिक प्रगति) | कैफियत |
|---|---|---|---|---|
| १ | कुल प्रशासनिक बजेट | ११२,०००,०००।०० | ६०,९४५,८०२।५८ | |
| २ | कार्यक्रम बजेट | ७१,९००,०००।०० | ६,८७०,४८७।०४ | |
| ३ | **जम्मा** | **१८३,९००,०००।००** | **६७,८१६,२८९।६२** | |
| ४ | उपकार कोष | ३,०००,०००।०० | १६०,५००।०० | |
| ५ | साझा कोष | ११,१००,०००।०० | | |
| | **चौमासिक कूल खर्च** | **१९८,०००,०००।००** | **६७,९७६,७८९।६२** | |

| | | | |
|---|---|---|---|
| **बाह्य अनुगमन मूल्यांकन आम्दानी** | | **२६,७३२,८१०।००** | |
| **बाह्य अनुगमन मूल्यांकन खर्च** | | **१४,४५५,०००।००** | |
| **संस्थागत सेवा शूल्क आम्दानी** | | **१,२२८,६७५।००** | |
| **साझाकोष परियोजना/सुपरभिजन शुल्क** | | **२४५,७३५।००** | |

**स्पष्टीकरण**

- नेपाल सरकारको अनुदान ३० लाख निकासा भएको
- प्रशासनिक बजेट बढी खर्च हुनमा स्वेच्छिक अवकास तथा उपदान, शीर्षकमा त्रैमासिक अवधिभित्र ९ जना कर्मचारीको उपदान रकम परिषदको आन्तरिक श्रोतबाट भुक्तानी गरिएको

- अनुगमन मूल्यांकनको आम्दानी भन्दा खर्च बढी हुनुमा गत वर्षको भुक्तानी गर्न बाकी रकम भुक्तानी भएको
- आय भन्दा व्यय बढी खर्च भएको रकम आन्तरिक श्रोतबाट व्यहोरिएको
- साझा कोषबाट खर्च नभएको
- ४ जना कर्मचारीहरुलाई मासिक तलबबाट सावा व्याज रकम कट्टा हुने गरी घरकर्जा वापत रु. ४८,८५,०४० भुक्तानी गरिएको ।

**ख) सामान्य प्रशासन तर्फ :**

## बजेट तथा कार्यक्रम कार्यान्वयन प्रगती सम्बन्धी विवरण ।

| क.सं. | क्रियाकलाप | लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | स्वेच्छिक अवकास । | स्वेच्छिक अवकाशमा जाने कर्मचारीहरुको प्रकृया अगाडी बढाउने । | आवश्यक प्रक्रिया पुऱ्याई ६ जना कर्मचारीहरुको स्वेच्छिक अवकाश स्वीकृत गरिएको । | शत प्रतिशत |
| २ | मर्मत सम्भार कार्य | आवश्यकता अनुसार मर्मत कार्य गर्ने । | आवश्यकता अनुसार मर्मत कार्य सम्पन्न गरिएको | शत प्रतिशत |
| ३ | सवारी साधन मर्मत सम्भार । | गाडीहरु स्वीकृत बजेटको परिधिभित्र रही नियमयमानुसार मर्मत गर्ने । | गाडीहरु स्वीकृत बजेटको परिधिभित्र रही नियमयमानुसार मर्मत गर्ने कार्य नियमित रुपमा भइरहेको । | शत प्रतिशत |
| ४ | पत्रपत्रिका वितरण गर्ने । | विभागको माग अनुसार पत्रपत्रिका बितरण गर्ने । | सबै विभागमा नियमानुसार पत्रपत्रिका बितरण गरिएको । | शत प्रतिशत |
| ५ | सवारी कर । | सवारी साधनको व्लुवुक नवीरण, कर तिर्ने र विमा गर्ने । | परिषद्मा चालू अवस्थामा रहेका सवारी साधनको व्लुवुक नवीकरण र विमा गरिएको । | शत प्रतिशत |
| ६ | सामाग्री खरिद खर्च भएर जाने (नखप्ने सामान) । | आवश्यक प्रकृया पुऱ्याई स्टेशनरी, छपाईका सामाग्रीहरु खरिद गर्ने | आवश्यक प्रकृया पुऱ्याई कार्यालय सामाग्रीहरु खरिद गरिएको | शत प्रतिशत |
| ७ | कम्प्युटर/फोटोकपी मेशिन /प्रिन्टर लगायतका मर्मत । | परिषदमा रहेका कम्प्युटर, प्रिन्टर र फोटोकपी मेशिन मर्मत गर्ने । | परिषदमा रहेका कम्प्युटर, प्रिन्टर र फोटोकपी मेशिन मर्मत गर्ने कार्य नियमित भई रहेको । | शत प्रतिशत |
| ८ | ऐन, नियम, विनियम | कर्मचारी सेवाशर्त नियमावलीको संशोधनको लागि समिति गठन गर्ने । | कर्मचारी सेवाशर्त नियमावली संशोधनको लागि वोर्ड बैठकबाट समिति गठन गरी संशोधन सम्बन्धी कार्यहरु भईरहेको । | ५० प्रतिशत |
| ९ | वेवसाइट | वेवसाइट पुनः Hosting र Updating गर्ने | वेवसाइट पुनः HOsting र Updating गर्ने गरिएको । | शत प्रतिशत |
| १० | इन्धन । | आवश्यक प्रक्रिया पुऱ्याई कोटा लगबुक, माग फाराम तथा स्वीकृत स्लिप अनुसार इन्धन वितरण गर्ने । | नियमानुसार आवश्यक प्रक्रिया पुऱ्याई कोटा लगबुक, माग फाराम तथा स्वीकृत स्लिप अनुसार उपलब्ध गराइएको । | शत प्रतिशत |
| ११ | आ. व. २०७६।०७७ को लागि आवश्यक जिन्सी सामग्री खरिद सम्बन्धी । | आ. व. २०७६।०७७ को लागि आवश्यक जिन्सी सामग्री खरिदको लागि प्रकृया पुऱ्याई दरभाउ आवहान गर्ने । | आ. व. २०७६।०७७ को लागि आवश्यक जिन्सी सामग्री खरिदको लागि प्रकृया पुऱ्याई दरभाउ आवहान गरी नियमानुसार फर्म छनौट भई आवश्यक सामानहरु खरिद गरिएको । | शत प्रतिशत |

| | | | | |
|---|---|---|---|---|
| १४ | भृकुटीमण्डप स्थित भत्केको पर्खालका लागि गोप्य दरभाउपत्र माग | भृकुटीमण्डप स्थित भत्केको पर्खालका लागि गोप्य आवश्यक प्रकृया पुऱ्याई दरभाउपत्र माग गर्ने । | भृकुटीमण्डप स्थित भत्केको पर्खालका लागि गोप्य आवश्यक प्रकृया पुऱ्याई दरभाउपत्र माग गरी नियमानुसार कम्पनी छनौट भई निर्माण कार्य भईरहेको । | ५० प्रतिशत |
| १५ | सफ्टवेयर | जिन्सी र लेखाको लागि सफ्टवेयर जडान गर्ने | जिन्सी/लेखा सफ्टवेयर सम्झौता भई कार्य भईरहेको । | शत प्रतिशत |
| १६ | प्रदर्शनी हल मर्मत | प्रदर्शनी हलको मर्मतको लागि प्राविधिक सम्झौता गर्ने । | प्रदर्शनी हलको मर्मतको लागि प्राविधिक सम्झौता भई उक्त प्राविधिक कम्पनीबाट हल मर्मत प्रतिवेदन प्राप्त भएको । | शत प्रतिशत |
| १७ | खुला बजार व्यवस्थापन | खुला बजार क्षेत्रलाई व्यवस्थित गर्न स्टल निर्माण सम्बन्धमा प्राविधिक कन्सल्टेन्सी सेवाका लागत अनुमान माग गर्ने । | खुला बजार क्षेत्रलाई व्यवस्थित गर्न स्टल निर्माण सम्बन्धमा लागत आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी प्रकृयामा रहेको । | ५० प्रतिशत |
| १८ | अदालती काम | विशेष प्रकृतिको मुद्दा तथा उजुरीमा विशेषज्ञ सेवा लिने । | विशेष प्रकृतिको मुद्दा तथा उजुरीमा विशेषज्ञ सेवा लिई अदालती काम कारवाही नियमित रुपमा भईरहेको । | |

**अन्य प्रशासनिक कार्यहरु :**

- नव नियुक्त महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री एवं परिषद्का अध्यक्ष माननीय पार्वत गुरुङज्यूको स्वागतको साथै पद वहाली कार्यक्रम सम्पन्न गरिएको ।
- श्री अर्थ मन्त्रालयद्वारा आयोजित सम्पत्ति सुद्धिकरण निवारण सम्बन्धी प्रणालीगत सुधारको सन्दर्भमा विकास साझेदारको प्राविधिक सहयोग सम्बन्धी कार्यक्रममा सहभागी तोकी पठाईएको ।
- कार्यसञ्चालन समितिको बैठकबाट अनुगमन/सुपरीवेक्षण एवं मूल्यांकन र योजना उपसमितिको पुनर्गठन गरी निरन्तरता दिईएको ।
- सम्पत्ति सुद्धिकरण अनुसन्धान विभागबाट विभिन्न संघसंस्थाका विवरण माग भई आए अनुसार परिषद् मातहत संघसंस्था समन्वय शाखा भृकुटीमण्डपबाट माग गरी तहाँ उपलब्ध गराईएको ।
- आ. व. २०७६/०७७ को लागि आवश्यक पर्ने स्टेशनरी, छपाई, कम्प्युटर तथा ईलेक्ट्रोनिक लगायतका सामग्रीहरु खरिद सम्बन्धी सम्झौता गरिएको ।
- रुपान्तरणकारी योजना तथा संघसंस्था सम्बन्धी १५ औं योजनाको आधारपत्र रणनीति तथा कार्यनीति प्राप्तीका लागि प्रमुख कार्यक्रम तय गर्न माननीय मन्त्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय एवं परिषद्काअध्यक्षज्यू, श्री राष्ट्रिय योजना आयोग तथा परिषद्का सदस्य माननीय मीन बहादुर शाहीज्यू लगायत संघसंस्थाहरु र सरोकारवालाहरुको उपस्थितिमा छलफल कार्यक्रम आयोजना गरिएको ।

- परिषद्मा विद्युत क्षमता थप गर्न नेपाल विद्युत प्राधिकरण पुल्चोक वितरण केन्द्रलाई अनुरोध गरी कार्यवाही अगाडी बढाईएको ।
- नेपाल भ्रमण वर्ष २०२० प्रवर्द्धन सम्बन्धमा नेपाल सरकारबाट प्राप्त परिपत्र परिषद् मातहतका विभाग/कोष/कार्यालयहरुमा पठाई भ्रमण वर्ष प्रवर्द्धनको काममा सहयोग पुऱ्याउन लेखी पठाईएको ।
- श्री महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका निकायहरुबाट विभिन्न विषयमा माग भई आएका विवरण/कागजात/लिखित प्रतिक्रिया लेखी पठाईएको ।
- परिषद्बाट प्रदान गरिने सेवाको बारेमा आम नागरिकलाई जानकारी गराउन नागरिक वडापत्र तयार गरी कार्यालय भवनको वालमा टाँस गरिएको ।
- टुकुचा स्थित इच्छुमति तरकारी बजारको (पुनर्निर्माण) Digital lay outतयार गरी उक्त स्थानमा भएको संरचना बनाउन लाग्ने लागत तथा नक्सा तयार गरिएको ।
- भृकुटीमण्डप क्षेत्र भित्र रहेको स्टल तथा बुथहरुको मासिक भाडादर प्रति महिना प्रति वर्ग फिट अनुसार, समय सापेक्ष निर्धारण गर्न सिफारिस गरिएको ।
- परिषद् कर्मचारी सेवासर्त नियमावली २०५० को सातौं संशोधनको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा प्रतिनिधि माग गरिएको ।
- भृकुटीमण्डप क्षेत्र स्थित फनपार्क सञ्चालकले सम्झौताको क्षेत्रभन्दा बढी स्थानमा संरचना बनाई भत्काएको भन्ने सम्बन्धमा एकीन गरी पेश गर्न ईन्जिनीयर श्री रुद्रप्रसाद सापकोटालाई जिम्मेवारी तोकिएको ।
- भृकुटीमण्डप स्थित खसी बजार क्षेत्रको पर्खाल निर्माण गर्ने कार्य सम्पन्न भएको ।
- समाज कल्याण परिषद्को स्वामित्वमा रहेको बुढानिलकण्ठ स्थित जग्गा र निर्मित संरचनाका सम्बन्धमा नक्शा र क्षेत्रफल अनुसार साँध सिमाना, बाटो, जग्गाको उपयोग, निर्मित संरचनाको अवस्था, पानी, बत्ती, ढल समेतको अध्ययन गरी प्रतिवेदन पेश गर्न ३ (तिन) सदस्य अध्ययन टोली गठन गरिएको ।
- आ.व.२०७५।०७६ को जिन्सी निरीक्षण प्रतिवेदनले औंल्याएका पुराना तथा काम नलाग्ने जिन्सी सामाग्रीहरुको लिलाम बिक्री प्रयोजनार्थ परिषद्का प्रशासन प्रमुखको संयोजकत्वमा मूल्यांकन समिति गठन गरी प्रक्रिया अगाडी बढाईएको ।

- फनपार्क, ल्याम्हःपुचः र तरकारी बजारका साथै १५ वटा स्टलको Survey, Estimation र IRR प्रतिवेदन तयार गरे बापतको सम्बन्धित पक्षलाई भुक्तानी दिने सम्बन्धमा भएको निर्णय आ. प्र. मा पठाईएको ।
- परिषदमा करार सेवामा नियुक्त भई कार्यरत सवारी चालक श्री प्रकाश कार्कीलाई मिति २०७६।११।२० देखि लागू हुने गरीश्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीज्यूको निजी सचिवालयमा काजमा खटाईएको ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको आयोजनामा मिति २०७६।११।२१ गते आयोजित नेपालमा सम्पत्ति शुद्धिकरण तथा आतंकवादी क्रियाकलापमा वित्तिय लगानी निवारण सम्बन्धी छलफल कार्यक्रममा परिषदबाट प्रतिनिधी खटाईएको । यसैगरी राष्ट्रिय अपांग पुनर्स्थापना समाज अनामनगरले माग गरेको बोलपत्रको प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्याङ्कन गर्न प्रतिनिधि तोकी पठाईएको ।
- महत्वपूर्ण व्यावसायिक व्यक्ति छनौट, सम्मान तथा सुविधा सम्बन्धी कार्यविधि २०७४, बमोजिम मुलुकको अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान बढाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने निर्यातकर्ता, लगानीकर्ता, रोजगारदाताहरु मध्येबाट मिति २०७६।१०।२८ मा सम्मानीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूबाट सम्मानित हुनुहुने महानुभावहरुलाई त्यहाँबाट प्रदान गरिने सेवा सुविधा सम्मान प्राप्त गरेको मितिले २ वर्ष अवधिको लागि गर्न गराउन भनी श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट सम्मानित व्यक्तिहरुको सूची सहितको प्राप्त परिपत्र सबै विभाग, मातहतका कार्यालय र कोषहरुमा आवश्यक कार्यार्थ पठाईएको ।
- परिषद्संग आवद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरुले वैदेशिक सहयोगमा कार्यक्रम सञ्चालन गर्नु पूर्व समाज कल्याण ऐन, नियमावली, तथा निर्देशिका बमोजिम परिषदबाट स्वीकृत/सम्झौता गरी मात्र परियोजना कार्यक्रम संचालन गर्नु पर्ने, अनुगमन/मूल्यांकन गराउनु पर्ने लगायत विभिन्न नीतिगत विषयमा राष्ट्रिय दैनिक गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशन गरी जानकारी गराईएको ।
- परिषद् कार्यालयको आर्थिक कारोबार सञ्चालन गर्न आर्थिक प्रशासन नियमावलीमा व्यवस्था भए बमोजिम निमित्त सदस्य सचिवको हस्ताक्षरबाट खाता सञ्चालन गरी अत्यावश्यक आर्थिक कारोबार संचालन गर्न बाधा अड्काउ फुकाउने निर्णय भई कार्यान्वयन भएको ।

- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री एवं परिषद्का अध्यक्ष माननीय पार्वत गुरुङज्यूबाट मिति २०७६।११।२२ मा दिनु भएको १० बुँदे निर्देशन परिषद मातहतका विभाग एवं कार्यालयलाई जानकारी एवं आवश्यक कार्यवाहीको लागि पठाईएको ।
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट संघसस्थाको आवासीय प्रतिनिधि, स्वयंसेवकको प्रवेशाज्ञा लगायतका विषयमा गठित कार्यदलमा परिषदबाट तोकी पठाईएको ।
- परिषदमा विकास विज्ञको रुपमा परामर्श सेवा लिने सम्बन्धमा मेलुङ गाउँपालिका वडा नं.-२ दोलखा निवासी डा. विशाल कुमार भण्डारीसंग ३ महिनाको लागि करारनामा गरी जिम्मेवारी तोकिएको ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, हेलो सरकार शाखाबाट आयोजित गुनासो व्यवस्थापन र नयाँ पोर्टल संचालन सम्बन्धमा सरोकारवालाहरुको छलफल तथा अन्तरक्रिया कार्यक्रममा परिषदबाट प्रतिनिधी तोकी पठाईएको ।
- श्री राष्ट्रिय बाल अधिकार परिषद्बाट परिषद् कार्यालय रहेको भवनको केही निर्माण कार्य गर्नु पर्ने भएकोले साईट खाली गरिदिन लेखी आएकोमा उक्त भवनमा कार्यालय संचालन भईरहेको व्यहोरा सहित नियमित कार्यालय संचालन गर्न बाधा नपर्ने गरी निर्माण/मर्मत सम्भार गर्न परिषद्ले सहयोग गर्ने व्यहोराको पत्र लेखी पठाईएको ।
- परिषद् पक्ष/विपक्ष भई विचाराधिन विभिन्न मुद्दातथा उजुरीहरुको श्री सर्वोच्च अदालत, श्री उच्च अदालत पाटन, श्री काठमाण्डौ जिल्ला अदालत र राष्ट्रिय सूचना आयोगमा नियमित रुपमा काम कार्यवाही भईरहेको ।
- परिषद् कार्यालयलाई आवश्यक पर्ने स्टेशनरी, छपाईका सामान तथा कम्प्यूटर, प्रिन्टर, फोटोकपी मेशीन र गाडीहरूको मर्मत जस्ता कार्यहरू नियमित रूपमा गर्दै आएको ।
- परिषदको मातहतमा रहेको भृकुटीमण्डप स्थित खुल्ला बजारलाई व्यवस्थित गर्न पषिद्बाट माग गरिएको शिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्यांकन गर्न समितिले विभिन्न फर्महरुले पेश गरेको प्राविधिक /आर्थिक प्रस्तावको मूल्यांकन गरी सो को निर्णय/सिफारिस पेश गरी लागत अनुमान स्वीकृतीको लागि प्रक्रिया अगाडी बढाईएको ।
- भृकुटीमण्डप स्थित प्रदर्शनीहल मर्मत सम्बन्धमा प्राविधिक लागत अनुमानको अन्तिम प्रतिवेदन पेश हुन आएको ।

- परिषद् कार्यालयको नयाँ जिन्सी खाता/फारामहरु संचालन सम्बन्धमा निर्णय भई आ.व. २०७७०७८ बाट सो बमोजिमको जिन्सी खाता/फाराम संचालन गरिने तयारी गरिएको ।
- जिन्सी लिलाम बिक्री कार्य सम्बन्धमा प्राविधिक मार्फत कम्प्युटर, प्रिन्टर लगायतका इलेक्ट्रोनिक सामानहरुको चेक जाँच गरी सो को रिपोर्ट माग गरिएको ।

**ग) भृकुटीमण्डप कार्यालय तर्फ :**

यस कार्यालयको प्रशासनिक तथा दैनिक नियमित कार्यहरु गर्नुका साथै कार्यालयमा प्राप्त हुने भाडा रकमहरु दैनिक रुपमा बैंक दाखिला गर्ने, लेजर पोष्टिङ्ग गर्ने, बगैंचाको प्रवेश टिकट विक्री गर्ने, प्रदर्शनी हल र चौर भाडामा दिने, दैनिक सरसफाई लगायतका कार्यहरु नियमित रुपमा गरिएको छ ।

**घ) कोषहरुबाट सम्पदित कार्यहरु** :

**१) उपकार कोष :**

परिषद् मातहातको उपकार कोषको मूलधनको आर्जित व्याजवाट नियमित रुपमा संचालित असहाय, अशक्त, विरामी भएकालाई आर्थिक सहयोग साथै राष्ट्रिय अपांग कोष, स्वास्थ्य कोषद्वारा संचालित कार्यक्रमहरुमा नियमित सहयोग गर्दै आएको छ । यस अवधिमा राष्ट्रिय स्वास्थ्य कोष, राष्ट्रिय अपांग कोष, जेष्ठ नागरिक कोष भृकुटीमण्डपको दोश्रो किस्ता निकासा उपलब्ध गराईएको ।

**२) राष्ट्रिय ज्येष्ठ नागरिक कोष :**

| क.सं | कार्यक्रम | परिणाम | लागत | प्रगति | उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक सामग्री वितरण तथा दिवा सेवा केन्द्र | १७० जना | रु १,५६,००० | सतप्रतिशत | १७० जना बृद्ध,बृद्धालाई फलफुल,बिस्कुट, जुस र ७५ जना बृद्ध,बृद्धालाई खण्डे थाल र १०० जना बृद्ध, बृद्धालाई पीउने पानीको बोतल वितरण गरि ज्येष्ठ नागरिकहरुप्रति सम्मान गरियो । | मवनसेवा आश्रम भरतपुर र रोटरी करुणाश्रम आश्रम देवघाटसंग सहकार्य गरेर । |
| २. | ज्येष्ठ नागरिक स्वास्थ्य शुल्क छुट सिफारिस | १५३ जना | ०० | ” | ज्येष्ठ नागरिकहरुले स्वास्थ्य छुट वापत ३० देखि ५० प्रतिशत छुट | अल्का अस्पताल प्रा.लि.,मेघा अस्पताल प्रा.लि.,ग्रीनसीटी अस्पताल प्रा.लि. संग सहकार्य गरेर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | दैनिक प्रशासनिक | | रु ४०,०००। | ” | कार्यालयका दैनन्दिन कार्यसम्पादन गर्न | टेलिफोन, ईन्टरनेट, पेपर,टोनर ,चिया, पानी आदि |
| ४. | तलब भत्ता | ४ महिनाको | रु १९५८५६। | ” | कोषको नियमावली अनुसार | सभापति र सदस्य सचिवको तलब र बोर्ड बैठक भत्ता |
| ५ | ज्येष्ठ नागरिक सम्बन्धी नियमित अन्तर्क्रिया कार्यक्रम | व्यापक सहभागिता | ०० | ” | राष्ट्रिय ज्येष्ठ नागरिक कोषले विभिन्न ज्येष्ठ नागरिकका समसामयिक मुद्दाहरुमा बिषयविज्ञद्वारा खोजअनुसन्धानमुलक प्रश्तुती,छलफल गरि ज्येष्ठ नागरिकका बिषयमा जानकारी प्रदान गर्दै आईरहेको छ। | ज्येष्ठ नागरिक सम्बन्धी काम गर्ने संघ संस्थाहरुसंग सहकार्य गरेर उक्त कार्यक्रम सम्पन्न गरेको । |

कोषका अन्य प्रसासनिक कार्यहरु नियमित रुपमा भैरहेको ।

**समस्या/ चुनौति :**

सामाजिक क्षेत्रका गतिविधिहरुलाई व्यवस्थित र प्रभावकारी बनाई यस क्षेत्रमा संलग्न संघ संस्थाहरुलाई जिम्मेवार जवाफदेही, उत्तरदायी र पारदर्शी बनाउने सन्दर्भमा देहाय बमोजिमका समस्या र चुनौतिहरु देखापरेका छन् ।

- नेपालको संविधान २०७२ ले निर्दिष्ट गरे वमोजिम संघसंस्थाको कामलाई व्यवस्थित गर्न समाज कल्याण परिषद्को वर्तमान संरचनालाई प्रादेशिक तहमा विस्तार गर्ने गरि समाज कल्याण ऐन २०४९ संशोधन गर्न आवश्यक रहेको ।
- गैरसरकारी क्षेत्रलाई व्यवस्थित, प्रभावकारी पारदर्शि, जिम्मेवार एवम् जवाफदेही वनाउन नेपालको मूल कानून संविधानको भावना अनुसार संघसंस्थाको दर्ता, स्वीकृति, सञ्चालन, नियमन र व्यवस्थापनको लागि एकद्वार नीति लागू हुनेगरी विद्यमान समाज कल्याण ऐन, नियमको संशोधन / नयाँ ऐन तर्जुमा गरी लागू गर्न चुनौतीपूर्ण रहेको ।
- परिषदको स्वामित्व र भोगचलनमा रहेका जग्गा जमीनहरूलाई अधिकतम् आयआर्जन हुनेगरी व्यवस्थापन गर्ने चुनौती हुनु ।

- सरकारका विभिन्न मन्त्रालयहरुसंग एकद्धार नीति विपरित अर्न्तराष्टिय गैरसरकारी संस्थाको सम्झौता हुनु ।
- श्रोत साधनको अभावले परिषद्संग आवद्ध संघसंस्थाहरुको अनुगमन मूल्यांकन गर्न कठीनाई हुनु ।
- नेपाल सरकारवाट परिषद्लाई प्राप्त हुने वजेट ज्यादै न्यून परिषद्  संचालनमा चुनौति हुनु ।
- सामाजिक संघसंस्थाहरुको वढ्दो उजुरीले परिषद्को स्रोत साधनले मात्र छानविन गर्न कठीनाई हुनु ।
- संघसंस्थाहरुलाई नियम विपरित कार्य गरेमा के कस्तो दण्ड र सजाय गर्ने प्रावधान नहुनु, प्रचलित कानून र विधान विपरित काम गर्ने संस्थाको कार्यसमितिलाई निलम्वन वा विघटन गर्न सिफारिस सम्म गर्ने प्रावधान हुनु, संघसंस्थाको परिषद्संगको आवद्धता ऐच्छिक हुनुका कारण संघसंस्थाको सूचना तथ्यांक पूर्ण रुपमा अद्यावधि गर्न नसकिएको ।
- पुराना सवारी साधनहरूलाई लिलाम विक्री गर्न, परिषद्को नाममा नामसारी गर्न, ठूलो रकम भन्सार कर लाग्ने भएकोले यसको निकास आउन सकेको छैन ।